Janata Bank Nepal Ltd.
जनता बैंक नेपाल लिमिटेड

# आर्थिक वर्ष २०६९/७० को
# संक्षिप्त बार्षिक आर्थिक विवरण

## जनता बैंक नेपाल लिमिटेड

पो.ब.नं. २३६००, शंखमूल मार्ग, नयाँ बानेश्वर, काठमाडौं
फोन: ९७७-१-४७८६१००, ४७८५९००, फ्याक्स: ९७७-१-४७८६३००

# जनता बैंक नेपाल लिमिटेडको
# चौथो वार्षिक साधारणसभा बस्नेसम्बन्धी सूचना

यस बैंकको सञ्चालक समितिको मिति २०७०/०७/१४ गते बसेको १३२ औं बैठकको निर्णयानुसार यस बैंकको चौथो वार्षिक साधारणसभा देहायका विषयहरूमा छलफल गर्नका लागि निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि अनुरोध गर्दछु।

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७० मङ्सिर ३० गते (तदनुसार डिसेम्बर १५, २०१३), आइतबार। |
| स्थान | : | त्रिभुवन आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाडौं। |
| सभा सुरु हुने समय | : | बिहान ११:०० बजे। |

**छलफलको विषयसूची :**

**(क) साधारण प्रस्तावः**

(१) सञ्चालक समितिको आर्थिक वर्ष २०६९/७० को वार्षिक प्रतिवेदन पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदनसहित मिति २०७० आषाढमसान्तको वासलात तथा मिति २०६९/४/१ देखि मिति २०७०/३/३१ सम्मको नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरणलगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७०/०७१ को लागि लेखापरीक्षण समितिको सिफारिसमा बैंकको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। *(वर्तमान लेखापरीक्षक जी.पि. राजवाहक एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)*

(४) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम ५.४२ प्रतिशत (कर सहित) नगद लाभांश स्वीकृत गर्ने।

**(ख) विशेष प्रस्तावः**

(१) बोनस शेयर जारी गर्न बैंकको जारी पूँजी रु.२,००,००,००,०००/- लाई बृद्धि गरी रु.२,०६,००,००,०००/- तथा चुक्तापूँजी रु. २,००,००,००,०००/- लाई बृद्धि गरी रु.२,०६,००,००,०००/- कायम गर्ने प्रस्ताव पारित गर्ने।

(२) बैंकको सञ्चालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरूलाई रु. ६,००,००,०००/- बराबर अर्थात् विद्यमान प्रत्येक १०० कित्ता शेयर बराबर ३ कित्ताका दरले बोनस शेयर दिने प्रस्ताव पारित गर्ने।

*(द्रष्टव्यः प्रस्तावबमोजिम बोनस शेयर गणना गर्दा एक कित्ताभन्दा कम (भिन्नमा) हुने बोनस शेयरलाई शेयरधनीको नाममा कायम राखी भविष्यमा प्रदान गरिने बोनस शेयरमा थप गरी पूर्ण शेयर प्रदान गरिनेछ।)*

(३) उपरोक्त विशेष प्रस्ताव नं. १ र २ अनुरूप बैंकको प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र (ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजीको अङ्क बृद्धि गर्ने प्रस्ताव पारित गर्ने।

(४) बैंकले आ.व. २०६९/७० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ११६,७०६/- अनुमोदन गर्ने।

(५) बैंकको प्रबन्धपत्रमा साधारणसभाबाट भएको संशोधनका सम्बन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा तदनुरूप प्रबन्धपत्रमा आवश्यक परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले,

**शंकरप्रसाद खरेल**
कम्पनी सचिव

# साधारणसभा सम्बन्धी थप जानकारीहरू

१. वार्षिक साधारणसभा तथा लाभांश प्रयोजनका लागि मिति २०७० मङ्सिर १६ गतेदेखि २०७० मङ्सिर ३० गतेसम्म बैंकको शेयर दाखिल खारेज बन्द रहनेछ ।

२. नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७०/०८/१५ सम्म भएको कारोवारहरुको नामसारी लिखत मिति २०७०/०८/२३ भित्र बैंकको शेयरधनी सेवा विभाग, शंखमुल मार्ग, नयाँ वानेश्वर, काठमाडौंमा प्राप्त भईसक्नु पर्नेछ । सो मितिसम्ममा प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम हुनआएका शेयरधनीहरूले मात्र सभामा भाग लिन र प्रस्तावित लाभांश पाइनेछ ।

३. प्रत्येक शेयरधनी महानुभावलाई शेयर लगतमा कायम रहेको ठेगानामा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम बैंकको संक्षिप्त आर्थिक वार्षिक विवरण पुस्तिका पठाइनेछ । सभामा उपस्थित हुने शेयरधनीहरूले सो आर्थिक विवरण पुस्तिकामा समावेश भएको प्रवेश-पत्र साथमा लिई आउनुपर्नेछ । कुनै शेयरधनी महानुभावले कारणवश सो विवरण पुस्तिका नपाउनु भएमा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने फोटोसहितको कुनै परिचयपत्र साथमा लिई आउनुपर्नेछ । परिचय दिने कागजात नदेखाई सभाकक्षमा प्रवेश गर्न पाईनेछैन ।

४. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सभा हुने दिन हाजिर पुस्तिका विहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म खुल्ला रहनेछ र सो समयपछि हाजिर पुस्तिका बन्द हुनेछ ।

५ शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफू जुन समूह/उप-समूहको शेयरधनी हो, सोही समूह/उप-समूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाइनेछ ।

६ प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरुहुनुभन्दा न्यूनतम ४८ घण्टाअगावै अर्थात् २०७०/०८/२८ गते बिहान ११:०० बजेभित्र बैंकको केन्द्रीय कार्यालय, शंखमुलमार्ग, नयाँबानेश्वरमा दर्ता गरिसक्नुपर्नेछ ।

७. शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याई प्रोक्सी दिन पाइनेछैन । प्रोक्सी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा दिनुपर्नेछ । बैंकको शेयरधनीबाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाइनेछैन । त्यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

८. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिइएको प्रतिनिधिपत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्रसाथ प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) तोकिएको समयावधिभित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) लाई मान्यता दिइनेछ ।

९. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनीले सभाको काम कारवाही शुरु हुनुभन्दा अगावै आफैँ सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

१०. शेयर खरिद गरेको सङ्गठित संस्था वा कम्पनीले बैंकको सम्बन्धित समूह/उपसमूहको अर्को कुनै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रोक्सी मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज बैंकको शेयरधनी नभए तापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनुभन्दा कम्तिमा ४८ घण्टाअगावै अर्थात् मिति २०७०/०८/२८ गते बिहान ११:०० बजेभित्र बैंकको केन्द्रीय कार्यालय, शंखमुलमार्ग, नयाँबानेश्वरमा लिखित रूपमा जानकारी दिनु पर्नेछ ।

११. शेयरधनी महानुभावहरुलाई सभास्थल आउँदा सम्भव भएसम्म झोला, ब्याग, छाताजस्ता बस्तुहरू नल्याइदिन र ल्याएको भएमा सुरक्षाकर्मीले जाँच गर्दा देखाई सहयोग गरिदिन अनुरोध गरिन्छ ।

१२. शेयरधनी महानुभावहरूले बैंकको केन्द्रीय कार्यालय, शंखमुलमार्ग, नयाँबानेश्वर स्थित शेयरधनी सेवा विभागमा सम्पर्क राखी लेखापरीक्षकको प्रतिवेदनसहितको बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदनसमेतका कागजातहरू निरीक्षण गर्न तथा प्राप्त गर्न सक्नुहुनेछ ।

१३. शेयरधनी महानुभावहरूले साधारणसभासम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस बैंकको केन्द्रीय कार्यालय, शंखमुलमार्ग, नयाँबानेश्वर स्थित शेयरधनी सेवा विभाग तथा आफूलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ । साधारणसभासम्बन्धी जानकारीहरू बैंकको आधिकारिक वेभसाईट www.janatabank.com.np बाटसमेत प्राप्त गर्न सकिनेछ ।

१४. शेयरधनी महानुभावहरूले आफ्नो जिज्ञासा वा जानकारी सभामा प्रस्तुत गर्न चाहेमा त्यस्तो जिज्ञासा वा जानकारी सभा हुनुभन्दा ७ (सात) दिनअगावै लिखित रूपमा कम्पनी सचिवमार्फत् सञ्चालक समितिको अध्यक्षलाई बुझाउनुपर्नेछ । त्यस्तो जिज्ञासा वा जानकारी सभाको विषय सूचीको विविध शीर्षकमा समावेश हुनेछ तर छलफल र पारित हुने प्रस्तावको सूचीमा समावेश हुनेछैन ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# प्रतिनिधिपत्र (प्रोक्सी फारम)

श्री सञ्चालक समिति
जनता बैंक नेपाल लिमिटेड
शंखमुल मार्ग, नयाँ बानेश्वर
काठमाडौँ, नेपाल ।

**विषयः प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।**

महाशय,

........................ जिल्ला ..............................न.पा./गा.वि.स., वडा नं. ........ बस्ने म/हामी ............ ..... ......... ........... ................ ले जनता बैंक नेपाल लिमिटेडको शेयरधनीको हैसियतले मिति २०७० साल मङ्सिर ३० गते आईतबारका दिन हुने चौथो वार्षिक साधारणसभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........................ जिल्ला ......................... न.पा./गा.वि.स., वडा नं. ........ बस्ने त्यस बैंकका शेयरधनी (संस्थापक समूह "क" को उपसमूह "क -....."/ वा सर्वसाधारण समूह "ख" का शेयरधनी) श्री ........................................................ लाई मेरो/हाम्रो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएको छु / पठाएकाछौं ।

| **प्रतिनिधि नियुक्त भएको शेयरधनीको,** | **निवेदक शेयरधनीको,** |
|---|---|
| हस्ताक्षरको नमूना : | दस्तखतः |
| शेयरधनी प्रमाणपत्र नं. : | नाम : |
| शेयरधनी नं. : | ठेगाना : |
| | शेयरधनी नं. : |
| | शेयर सङ्ख्याः |

मिति : २०७० साल मङ्सिर .......... गते ।

**द्रष्टव्यः** प्रोक्सी दिँदा लिँदा आफ्नो समूह उप-समूहभित्र सीमित रही लिनुदिनुपर्नेछ । यो निवेदन साधारणसभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, शंखमुल मार्ग, नयाँबानेश्वरमा दर्ता गरिसक्नुपर्नेछ ।

---

## प्रवेश पत्र

शेयरधनीको नाम : ..........................................................................................

शेयरधनी नम्बर : ................................... शेयर संख्या : ...............................

मिति २०७० साल मङ्सिर ३० गते आइतबारका दिन हुने जनता बैंक नेपाल लिमिटेडको चौथो वार्षिक साधारणसभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

शेयरधनीको दस्तखत : .........................

..................
कम्पनी सचिव

**द्रष्टव्य** : सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

# जनता बैंक नेपाल लिमिटेड

## आर्थिक वर्ष २०६९/७० को संक्षिप्त आर्थिक विवरण

(यो विवरण बैंकको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त स्वरुप मात्र हो ।)

**शेयरधनी महानुभावहरू,**

जनता बैंक नेपाल लिमिटेडको चौथो वार्षिक साधारणसभाको प्रयोजनार्थ बैंकको आ.व. २०६९/७० को वासलात, नाफा नोक्सान हिसाबलगायत बैंकको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरणमार्फत जानकारी गराउँदछौं ।

**क) विगत वर्षको कारोवारको सिंहावलोकन**

**आ.व. २०६९/०७० मा बैंकले हासिल गरेको वित्तीय विवरणको झलक निम्न बमोजिम रहेको छ :**

| सि.नं. | विवरण | आ. व. २०६९/७० रु. | आ. व. २०६८/६९ रु. | घटबढ प्रतिशत |
|---|---|---|---|---|
| १ | चुक्ता पूँजी | २,००,००,००,००० | २,००,००,००,००० | - |
| २ | कुल निक्षेप | १३,५४,६४,९८,४१५ | ७,७२,२७,६७,२५२ | ७५.४१ |
| ३ | कुल सापटी | ३०,४५,१५,००० | १७,३३,१०,००० | ७५.७१ |
| ४ | कर्जा सापट तथा बिल खरिद | ११,९४,६३,०२,१८४ | ७,३८,६६,७५,९८९ | ६१.७३ |
| ५ | कुल लगानी | १,९८,५९,०६,२७० | १,२९,११,७९,४०० | ५३.८१ |
| ६ | कुल सञ्चालन आम्दानी | ५७,१३,९१,६९५ | ३४,०३,७५,५७६ | ६७.८७ |
| ७ | कुल सञ्चालन खर्च | २४,६८,५८,४३४ | २१,६४,२५,६३१ | १४.०६ |
| ८ | सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | ३२,४५,३३,२६१ | १२,३९,४९,९४५ | १६१.८३ |
| ९ | खुद मुनाफा | १७,००,९३,९२७ | ५,७३,६१,९६४ | १९६.५३ |
| १० | नगद लाभांश | १०,८४,२१,०५३ | ७,३६,८४,२११ | ४७.१४ |
| ११ | प्रस्तावित बोनस शेयर | ६,००,००,००० | - | १०० |

आर्थिक वर्ष २०६९/७० मा बैंकको ब्याज आम्दानी गतवर्षभन्दा रु. ४२ करोड ३२ लाख र ब्याज खर्च रु. २० करोड ४३ लाखले बृद्धि भई खुद ब्याज आम्दानी रु. ४८ करोड २६ लाख कायम हुन पुगेको छ । आ.व. २०६९/७० को बैंकको खूद ब्याज आम्दानी रकम अघिल्लो वर्षको तुलनामा ८३ प्रतिशतले अधिक रहेको छ ।

त्यसैगरी आ.व. २०६९/७० मा बैंकको सञ्चालन मुनाफा (सम्भावित नोक्सानी व्यवस्थाअघिको) रु. ३२ करोड ४५ लाख पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६२ प्रतिशतले अधिक रहेको छ ।

गत वर्ष बैंकिङ्ग क्षेत्रमा अधिक तरलताको कारणले लगानीको प्रतिफल कम भएको भएतापनि बैंकले आफ्नो कारोवारमा तथा आम्दानीमा भने बृद्धि गरेको छ । आगामी आर्थिक वर्षहरूमा पनि यो सफलतालाई निरन्तरता दिँदै जान सञ्चालक समिति प्रतिबद्ध रहेको छ ।

**ख) प्रतिवेदनको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धि र भविष्यका सम्बन्धमा सञ्चालक समितिको धारणा:**

बैंकले पूर्वमा मेचीको ताप्लेजुङ्गदेखि सुदूरपश्चिममा महाकालीको दार्चुलासम्म गरी जम्मा २५ वटा शाखाहरू र एउटा एक्सटेन्सन काउन्टर सञ्चालन गरिसकेको छ । देशमा बैंकिङ्गसम्बन्धी सेवाको बढ्दो मागलाई दृष्टिगत गरी सेवाग्राहीलाई घरदैलो नजिकबाट सेवा पुऱ्याउने उद्देश्यले चालु आर्थिक वर्षभित्र थप ६ वटा नयाँ शाखाहरू खोल्ने स्वीकृति प्राप्त भएअनुरूप ती शाखाहरूको सञ्चालनका लागि आवश्यक तयारी अन्तिम चरणमा पुऱ्याइएको छ । साथै, लघुवित्त कार्यक्रम मार्फत विपन्न वर्गमा कर्जा प्रवाह गर्न अन्य वाणिज्य बैंकहरूसमेतको सहभागितामा स्थापित छुट्टै लघु वित्त विकास बैंकमा जनता बैंकले लगानी गरेको छ ।

आवश्यकता तथा सम्भाव्यताको आधारमा थप शाखाहरू र ए.टि.एम. सञ्जाल विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

बैंकिङ्ग सेवामा बढ्दो प्रतिष्पर्धा, प्रविधिमा भैरहेको तीव्र विकास र सेवाग्राहीको आकाँक्षालाई ध्यानमा राखी प्रविधिमा आधारित नयाँ सेवाहरू ( जस्तै, शाखारहित बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, भिसा कार्ड, Utility Bill भुक्तानी सेवा, आदि ) र थप सेवा तथा सुविधाहरू विस्तार प्रदान गर्दै लगिनेछ ।

देशमा विद्यमान आवश्यकता र नियमनकारी निकायहरूबाट जारी निर्देशनहरूलाई मध्यनजर गरी कृषि तथा उर्जा क्षेत्रमा सरल तरिकाले कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउन र ग्रामीण क्षेत्रमा कर्जाको पहुँच बढाउनका लागि लघु वित्त कार्यक्रमलाई बृहद् रुपमा सञ्चालन गरिनेछ। साथै, बैंकले सञ्चालनमा ल्याएको विप्रेषण सेवा "जनता रेमिट" लाई अझ प्रभावकारीरुपमा अगाडि बढाइनेछ।

जनता बैंक नेपाल र अन्य बैंक वा वित्तीय संस्थाबीच मर्जरको प्रकृया अघि बढाउन बैंकको मिति २०६८/८/२४ सम्पन्न दोश्रो साधारण सभाले सञ्चालक समितिलाई दिएको अख्तियारी अनुरूप केही बैंक / वित्तीय संस्थासंग औपचारिक अनौपचारिक छलफल भइरहेको छ। यस प्रकृयालाई निरन्तरता दिइनेछ।

प्रचलित कानुन र नियमनकारी निकायहरूबाट जारी भएका नीतिनिर्देशनहरूको पूर्णपरिपालना सहितको उपलब्धिमात्र बैंकका लागि दीगो र दीर्घकालीन रुपमा फलदायी हुने हुँदा बैंकले यस विषयलाई सदैव उच्चतम महत्व दिनेछ।

### ग) लाभांश बाँडफाँड गर्ने प्रस्ताव :

आर्थिक वर्ष २०६९/७० को मुनाफा तथा गतवर्षसम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरूलाई ५.४२ प्रतिशत नगद लाभांश र ३ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएको छ।

आर्थिक वर्ष २०६९/७० मा खुद मुनाफा रु.१७,००,९३,९२७/- भएकोमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४४ बमोजिम खूद नाफाको २० प्रतिशत अर्थात् रु.३,४०,१८,७८५/- साधारण जगेडा कोषमा छुट्टाइएको छ। सोही ऐनको दफा ४५ बमोजिम विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणबाट आर्जन भएको पुनर्मूल्याङ्कन मुनाफाको २५ प्रतिशत सटही घटबढ कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा समीक्षा अवधिमा विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण बैंकलाई मुनाफा नभएको हुँदा उक्त कोषमा रकम जम्मा गरिएको छैन। नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशनको अधिनमा रही रु. १,४०,०००/- लगानी समायोजन कोषमा विनियोजन गरिएको छ। उल्लिखित विनियोजन गरेपश्चात् बाँकी रहेको रु. १३,५९,३५,१४२/- मा गत वर्षसम्मको सञ्चित मुनाफा रु. ४३,६६,९६३/- र गत वर्षसम्म पूँजी समायोजन कोषमा रहेको रु. ३,६५,३४,७५१/- समेत समावेश गरी यस वर्षको अन्त्यमा कायम हुन आएको वितरण योग्य मुनाफा रु. १७,६८,३६,८५६/- मध्ये रु. १०,८४,२१,०५३/- नगद लाभांशको रूपमा र रु. ६,००,००,०००/- बोनस शेयरको रूपमा वितरण गर्ने र बाँकी रु. ८४,१५,८०३/- सञ्चित मुनाफामा सार्ने प्रस्ताव गरिएको छ।

## मिति २०७० साल आषाढमसान्तको वासलात

| पूँजी तथा दायित्व | चालु आ.व. (रु.) | गत आ.व. (रु.) |
|---|---|---|
| १. शेयर पूँजी (प्रस्तावित वोनस शेयर सहित) | २,०६,००,००,००० | २,००,००,००,००० |
| २. जगेडा तथा कोषहरू | ६,२२,२५,२३३ | ६,०५,५२,३५९ |
| ३. ऋणपत्र तथा बन्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ३०,४५,१५,००० | १७,३३,१०,००० |
| ५. निक्षेप दायित्व | १३,५४,६४,९८,४१५ | ७,७२,२७,६७,२५२ |
| ६. भुक्तानी दिनुपर्ने बिलहरू | ४१,१३,०५९ | १,१९,९५,७८५ |
| ७. प्रस्तावित नगद लाभांश | १०,८४,२१,०५३ | ७,३६,८४,२११ |
| ८. आयकर दायित्व | - | - |
| ९. अन्य दायित्व | १२,२१,८४,३१५ | १४,११,६०,६२८ |
| **कुल पूँजी तथा दायित्व** | **१६,२०,७९,५७,०७५** | **१०,१८,३४,७०,२३५** |

| सम्पत्ति | चालु आ.व. (रु.) | गत आ.व. (रु.) |
|---|---|---|
| १. नगद मौज्दात | ४४,७१,३५,२४२ | ३८,०८,८५,५१० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,२१,०८,६८,९६० | ६०,३१,४९,१९९ |
| ३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात | १९,७०,६०,९६५ | १३,६६,७४,०६२ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - |
| ५. लगानी | १,९८,५९,०६,२७० | १,२९,११,७९,४०० |
| ६. कर्जा सापट तथा बिल खरीद | ११,९४,६३,०२,१८४ | ७,३८,६६,७५,९८९ |
| ७. स्थिर सम्पत्ति | १७,६१,३४,११५ | १९,०४,५७,११६ |
| ८. गैरबैंकिङ्ग सम्पत्ति | - | - |
| ९. अन्य सम्पत्ति | २४,४५,४९,३३९ | १९,४४,४८,९५९ |
| **कुल सम्पत्ति** | **१६,२०,७९,५७,०७५** | **१०,१८,३४,७०,२३५** |

## मिति २०६९/४/१ देखि २०७०/३/३१ सम्मको नाफा/नोक्सान हिसाब

| विवरण | चालु आ.व. (रु.) | गत आ.व. (रु.) |
|---|---|---|
| १. ब्याज आम्दानी | १,२३,२६,३६,६०४ | ८०,९३,९३,२९१ |
| २. ब्याज खर्च | ७५,००,०७,१८६ | ५४,५७,०२,२१९ |
| **खुद ब्याज आम्दानी** | **४८,२६,२९,४१८** | **२६,३६,९१,०७२** |
| ३. कमिशन तथा डिस्काउन्ट | ३,९३,६४,६१९ | ३,३८,०४,७७५ |
| ४. अन्य सञ्चालन आम्दानी | ४,८८,४२,७९२ | २,८७,७६,६८६ |
| ५. सटही घटबढ आम्दानी | ५,५४,८६६ | १,४१,०३,०४३ |
| **कुल सञ्चालन आम्दानी** | **५७,१३,९१,६९५** | **३४,०३,७५,५७६** |
| ६. कर्मचारी खर्च | १०,४८,२८,४११ | ८,०६,६६,९१० |
| ७. अन्य सञ्चालन खर्च | १४,२०,३०,०२३ | १३,५७,५८,७२१ |
| ८. सटही घटबढ नोक्सान | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा | **३२,४५,३३,२६१** | **१२,३९,४९,९४५** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | ९,३१,७८,७१६ | ३,१५,६९,७९४ |
| सञ्चालन मुनाफा | **२३,१३,५४,५४५** | **९,२३,८०,१५१** |
| १०. गैरसञ्चालन आम्दानी / (नोक्सानी) | ५,०७,३३५ | ५,६५,८०४ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३,८२,३९,२७८ | - |
| नियमित कारोवारबाट भएको मुनाफा | **२७,०१,०१,१५८** | **९,२९,४५,९५५** |
| १२. असामान्य कारोवारहरूबाट भएको मुनाफा /खर्च | - | - |
| सम्पूर्ण कारोवार समावेश भएपछिको खुद मुनाफा | **२७,०१,०१,१५८** | **९,२९,४५,९५५** |
| १३. कर्मचारी बोनस व्यवस्था | २,४५,५४,६५१ | ८४,४९,६३२ |
| १४. आयकर व्यवस्था | ७,५४,५२,५८० | २,७१,३४,३५९ |
| • यस वर्षको | ७,६४,६५,०४९ | २,७२,९५,४०७ |
| • गत वर्षसम्मको | - | - |
| • स्थगन कर | (१०,१२,४६९) | (१,६१,०४८) |
| **खुद नाफा/ (नोक्सान)** | **१७,००,९३,९२७** | **५,७३,६१,९६४** |

## मिति २०६९/४/१ देखि २०७०/३/३१ सम्मको नाफा/नोक्सान बाँडफाँड हिसाब

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| **आम्दानी** | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | ४३,६६,९६३ | ३,२१,६१,६०३ |
| २. लाभांश तिर्न बाँकी रकम | - | - |
| ३. यस वर्षको मुनाफा | १७,००,९३,९२७ | ५,७३,६१,९६४ |
| ४. स्थानान्तरण पूँजीकोष | ३,६५,३४,७५१ | - |
| **जम्मा** | **२१,०९,९५,६४१** | **८,९५,२३,५६७** |
| **खर्च** | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | - | - |
| २. यस वर्षको नोक्सान | - | - |
| ३. साधारण जगेडा कोष | ३,४०,१८,७८५ | १,१४,७२,३९३ |
| ४. भैपरी आउने जगेडा | - | - |
| ५. संस्था विकास कोष | - | - |
| ६. लाभांश समीकरण कोष | - | - |
| ७. कर्मचारीसम्बन्धी जगेडाहरू | - | - |
| ८. प्रस्तावित लाभांश | १०,८४,२१,०५३ | ७,३६,८४,२११ |
| ९. प्रस्तावित बोनस शेयर | ६,००,००,००० | - |
| १०. विशेष जगेडा कोष | - | - |
| ११. सटही घटबढ कोष | - | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - | - |
| १३. पूँजी समायोजन कोष | - | - |

| | | |
|---|---|---|
| १४. पूँजीकोष | - | - |
| १५ लगानी समायोजन कोष | १,४०,००० | - |
| **जम्मा** | २०,२५,७९,८३८ | ८,५१,५६,६०४ |
| १६. सञ्चित मुनाफा / (नोक्सानी) | ८४,१५,८०३ | ४३,६६,९६३ |

## मिति २०७० आषाढमसान्तको पूँजीकोष विवरण

**रु. हजारमा**

| **विवरण** | | **२०७० आषाढमसान्त** | **२०६९ आषाढमसान्त** |
|---|---|---|---|
| **१.१** | **जोखिम भारित सम्पत्ति** | | |
| | क) कर्जा जोखिम | १३,१७,४२,२३ | ८,२४,६७,४४ |
| | ख) सञ्चालन जोखिम | ३१,५०,५० | २१,१०,२० |
| | ग) बजार जोखिम | ४१,०३,४० | ३४,०९,६० |
| **Pillar II अन्तरगतको समायोजन** | | | |
| | जोड : ६.४ (क) (१०) अनुसार पर्याप्त सूचना प्रवाह नगरेबापत जोखिम भारित सम्पत्तिको ३ प्रतिशत | ४१,६९,८८ | २६,३९,६२ |
| | जोड : अपर्याप्त तरल सम्पत्ति बापत कुल निक्षेपको ..... प्रतिशत | | |
| | जोड : ने.रा.बैंकद्धारा निर्धारित सञ्चालन जोखीमबापत जोखीम भारित सम्पत्तिमा २ प्रतिशत थप | ६,९७,४९ | ४,६५,७२ |
| **कुल जोखिम भारित सम्पत्ति (Pillar II अन्तरगतको समायोजनपछि)** | | १४,३८,६३,५० | ९,१०,९२,५८ |

| **१.२** | **पुँजी कोष** | **२०७० आषाढमसान्त** | **२०६९ आषाढमसान्त** |
|---|---|---|---|
| | **प्राथमिक पुँजी (Tier I)** | २,११,९७,७४ | २,०५,६७,९५ |
| | क) चुक्ता पूँजी | २,००,००,०० | २,००,००,०० |
| | ख) इरिडिमेवल ननक्युम्युलेटिभ प्रिफरेन्स शेयर | - | - |
| | ग) शेयर प्रिमियम | - | - |
| | घ) प्रस्तावित बोनस शेयर | ६,००,०० | - |
| | ङ) साधारण जगेडा कोष | ५,३५,५९ | १,९५,४० |
| | च) सञ्चित नाफा/(नोक्सान) | ८४,१६ | ४३,६७ |
| | छ) सञ्चित नाफा/(नोक्सान) गत आ.व.सम्मको | - | - |
| | ज) चालु आ.व. नाफा/(नोक्सान) | - | - |
| | झ) पूँजी फिर्ता समायोजन कोष | - | - |
| | ञ) पूँजी समायोजन | - | ३,६५,३५ |
| | ट) लाभांश समीकरण कोष | - | - |
| | ठ)) ऋणपत्र भुक्तानी कोष | - | - |
| | ड) अन्य स्वतन्त्र कोषहरू | - | - |
| | **घटाउने:** | | |
| | क) ख्याति बापतको रकम | - | - |
| | ख) अवलेखन नगरिएका विविध सम्पत्ति | २२,०१ | ३६,४७ |
| | ग) इजाजतपत्रप्राप्त संस्थामा गरिएको शेयर लगानी | - | - |
| | घ) वित्तीय स्वार्थ रहेको कम्पनीमा रहेको लगानी | - | - |
| | ङ) सीमाभन्दा बढी लगानी | - | - |
| | च) प्रत्याभूति (Underwriting) अन्तर्गत गरिएको लगानी | - | - |
| | छ) पारस्परिक क्रस होल्डिङ्ग | - | - |
| | ज) अन्य | - | - |
| | **Pillar II अन्तरगतको समायोजन** | | |
| | घटाउने : ६.४ (क) (१) अनुसार अपर्याप्त व्यवस्था | - | - |
| | घटाउने : ६.४ (क) (२) अन्तरगत सम्बन्धित पक्ष तथा निषेधित क्षेत्रमा प्रवाहित कर्जा सुविधा | - | - |

| | | | |
|---|---|---|---|
| | **पुरक पुँजी (Tier II)** | १२,०७,३५ | ७,४७,२३ |
| | क) क्युम्युलेटिभ र रिडिमेवल प्रिफरेन्स शेयर | | |
| | ख) सुरक्षण नराखिएको सहायक आवधिक ऋण | | |
| | ग) हाइब्रिड पुँजी उपकरणहरू | | |
| | घ) असल कर्जा नोक्सानी व्यवस्था | १२,०४,८५ | ७,४६,१३ |
| | ङ) सटही समीकरण कोष | १,१० | १,१० |
| | च) लगानी समायोजन कोष | १,४० | - |
| | छ) सम्पत्ति पुनरमूल्याङ्कन कोष | - | - |
| | ज) अन्य कोष | - | - |
| | **जम्मा पूँजीकोष** | २,२४,०५,०९ | २,१३,१५,१८ |
| **१.३** | **पुँजी कोष अनुपात** | **२०७० आषाढमसान्त** | **२०६९ आषाढमसान्त** |
| | प्राथमिक पूँजी/कुल जोखिम भारित सम्पत्ति (Tier I) | १४.७३% | २२.५८% |
| | पूँजी कोष/कुल जोखिम भारित सम्पत्ति (Tier I & Tier II) | १५.५७% | २३.४०% |

gpr G.P.Rajbahak & Co.
Chartered Accountants

An independent member firm of
BKR
INTERNATIONAL

# जनता बैंक नेपाल लिमिटेडका
## शेयरधनी महानुभावहरू समक्ष
## लेखापरीक्षकको प्रतिवेदन

हामीले श्री **जनता बैंक नेपाल लिमिटेड** को *(यस पछि 'बैंक' भनिएको)* आषाढ ३१, २०७० *(जुलाई १५, २०१३)* को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण को लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व बैंकको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्तानुसार वित्तीय विवरणको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौं :

(१) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टीकरणहरू पायौं ।

(२) संलग्न वासलात, नाफा-नोक्सान हिसाव तथा तत् सम्बन्धी अनुसूचीहरू नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा प्रस्तुत गरिएका छन् र बैंकले राखेको हिसाव-किताबसंग दुरूस्त रहेका छन् ।

(३) बैंकले आफ्नो हिसाव-किताव प्रचलित कानून र प्रचलन अनुसार ठीकसंग राखेको छ ।

(४) बैंकका शाखाहरूबाट प्राप्त विवरणहरू स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि लेखापरीक्षणको निमित्त पर्याप्त रहेका छन ।

(५) बैंकले नेपाल राष्ट्र बैंकको विद्यमान निर्देशनहरू बमोजिम पूँजीकोष, जोखिम व्यहोर्ने कोष तथा सम्पत्तिको सम्भाव्य हानीको लागि पर्याप्त रकम व्यवस्था गरेको छ ।

(६) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा बैंकको हिसाव किताबको परीक्षणबाट, बैंकको संचालक समिति वा बैंकका कुनै अधिकृतले कानूनी व्यवस्था विपरित काम गरेको वा बैंकलाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशनको उल्लघंन गरेको वा बैंक र यसका निक्षेपकर्ताहरूको हित र सुरक्षा विरूद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

(७) बैंकको कारोवार सन्तोषजनक रूपमा संचालन भएको र बैंकको अख्तियारी भित्र रहेको पायौं ।

(८) हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा संलग्न लेखा नीतिहरू *(अनुसूची ३२)* र लेखा सम्बन्धी टिप्पणी *(अनुसूची ३३)* लाई साथै अध्ययन गर्दा :

(क) वासलातले बैंकको आषाढ ३१, २०७० *(जुलाई १५, २०१३)* को आर्थिक अवस्था,

(ख) नाफा-नोक्सान हिसावले उक्त मितिमा समाप्त वर्षको संचालन नतिजा, तथा

(ग) नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणले उक्त मितिमा समाप्त वर्षको नगद प्रवाह तथा इक्विटीमा भएको परिवर्तनको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

र यी विवरणहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था ऐन २०६३ र प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान (Nepal Accounting Standards) तथा लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार ठिक संग तयार गरिएका छन् ।

G.P. Rajbahak & Co. Chartered Accountants

Ranjeev Shrestha

**सि.ए. रन्जीव श्रेष्ठ**
साझेदार
*जि.पी. राजवाहक एण्ड कम्पनी*
*चार्टर्ड एकाउण्टेण्टस्*

स्थान : **काठमाडौं**
मिति : **कार्तिक १४, २०७०**

Suite 606, Bluestar Complex, Tripureswor, Kathmandu, Nepal, t: +977-1- 4224111, 4223778, f: +977-1-4223846, e: info@gpr.com.np, u: www.gpr.com.np

# कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा (४) अनुसारको अतिरिक्त विवरण

१. **शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :** बैंकले समीक्षा वर्षमा कुनै शेयर जफत गरेको छैन ।

२. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :** बैंकको कुनै सहायक कम्पनी छैन ।

३. **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :** बैंकको कुनै सहायक कम्पनी छैन ।

४. **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :** बैंकलाई यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

५. **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :** विगत आर्थिक वर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले बैंकको शेयर खरिद गर्नुभएको वा निजहरू कम्पनीको शेयर कारोबारमा सँलग्न रहनु भएको जानकारी प्राप्त भएको छैन ।

६. **समीक्षा वर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए त्यससम्बन्धमा निजहरूबाट बैंकले प्राप्त गरेको जानकारी :** समीक्षा आर्थिक वर्षमा बैंकका सञ्चालकहरूले कुनै शेयर खरीद गर्नु भएको वा निजहरू बैंकको शेयर कारोबारमा संलग्न रहेको कुनै जानकारी प्राप्त भएको छैन ।

७. **समीक्षा वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :** बैंकलाई यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

८. **बैंकले आफ्नो शेयर आफैंले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरीद गरेबापत बैंकले भुक्तानी गरेको रकम :** बैंकले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

९. **बैंकको आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरण :** बैंकमा आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । सो को विवरण देहायअनुसार रहेको छ :-

(क) मजबुत आन्तरिक निरीक्षण तथा नियन्त्रण व्यवस्था अपनाईएको छ ।

(ख) सञ्चालन प्रकृयालाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, कर्जा अवलेखन विनियमावली, कर्जा नीति निर्देशिका, सूचना प्रविधि सुरक्षा नीति, Anti Money Laundering Policy and Know Your Customer Procedures, आन्तरिक लेखापरीक्षण म्यानुअल तथा अन्य आवश्यक नीति, निर्देशिकाहरू कार्यान्वयन गरिएको छ ।

(ग) स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरिएको छ ।

(घ) स्वतन्त्र लेखापरीक्षण समिति गठन भएको छ र आन्तरिक नियन्त्रण प्रक्रियाको नियमित अनुगमन गर्ने गरिएको छ ।

१०. समीक्षा वर्षमा कुल व्यवस्थापन खर्चको विवरण:

| | |
|---|---|
| (क) कर्मचारी खर्च | रु. १०,४८,२८,४११/- |
| (ख) कार्यालय सञ्चालन खर्च | रु. १४,२०,३०,०२३/- |

११. **लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, त्यस समितिले गरेको कामकारबाहीको विवरण र त्यस समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

(क) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली:

| | | |
|---|---|---|
| सञ्चालक, श्री चिरञ्जिवी द्वा | - | संयोजक |
| सञ्चालक श्री धर्मध्वज पराजुली | - | सदस्य |
| सञ्चालक श्री भीमानन्द ढुङ्गाना | - | सदस्य |
| सञ्चालक श्री नारायणप्रसाद घिमिरे | - | सदस्य |

आन्तरिक लेखापरीक्षण विभाग प्रमुख, श्री अनिल रेग्मी - सदस्य-सचिव

(ख) लेखापरीक्षण समितिका सदस्यहरूलाई बैठक भत्ता, वास्तविक यातायात तथा होटल खर्चबाहेक कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन । संयोजक तथा सदस्यहरूलाई प्रति बैठक भत्ता रु.७,५००।- प्रदान गरिएको छ । तर, अस्थानीय सदस्यको हकमा दैनिक भत्ता रु.३,५००।- प्रदान गरिएको छ ।

(ग) मिति २०६९ श्रावण १ गतेदेखि २०७० असार ३१ गतेसम्ममा १४ पटक समितिको बैठक बसेको छ । समितिले बैंकको नीति नियम तथा सञ्चालनसम्बन्धी कामकुराहरूको पुनरावलोकनसमेत गरेको छ ।

१२. **सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :** बुझाउन बाँकी रकम नभएको ।

१३. **सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

सञ्चालक तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम निम्न अनुसार रहेको छ :

| क्र.सं. | विवरण | सञ्चालक | प्रमुख कार्यकारी अधिकृत | अन्य कार्यकारी पदाधिकारी |
|---|---|---|---|---|
| १ | बैठक भत्ता* | रु.१४,०२,५००/- | रु.७५,०००/- | छैन |
| २ | तलब र भत्ता | छैन | रु.७७,२०,०००/- | रु.१,०२,५८,२४७/- |
| ३ | दशैं खर्च (एक महिनाको तलव) | छैन | रु.५,००,०००/- | रु.५,४३,८१६/- |
| ४ | सञ्चयकोष योगदान | छैन | रु.६,१५,०००/- | रु.४,८२,८२४/- |
| ५ | बोनस - प्रचलित बोनस ऐन अनुरूप | छैन | रु.९,०२,५१०/- | रु.१०,८४,००१/- |
| ६ | टेलिफोन/मोबाइल बैकसँग भएको करारअनुरूप कर्मचारी सेवा विनियमावलीअनुरूप | रु.३,०६,०००/- | रु.१६,९८२/- | रु.६९,००९/- |
| ७ | इन्धन | छैन | रु.२,८९,२५०/- | रु.८,७१,४४०/- |
| ८ | पत्र पत्रिका | रु.२,५५,०००/- | छैन | छैन |
| ९ | गाडी सुविधा | छैन | रु.५०,००,०००/- को | कूल रु. १,२०,००,०००/- |
| १० | आवास सापटी | छैन | छैन | रु.२,६७,५०,०००/- |

**सञ्चालक स्तरीय विभिन्न उपसमितिको बैठकमा प्रदान गरिएको भत्ता रकम समेत ।*

<u>टिप्पणी :</u>

(क) प्रमुख कार्यकारी अधिकृतलाई चालक, इन्धन र मर्मत सम्भारसहित सवारी साधनको व्यवस्था गरिएको छ । अन्य कार्यकारी तहका कर्मचारीहरूलाई नियमानुसार इन्धनसहित सवारी सुविधा उपलब्ध गराइएको छ ।

(ख) प्रमुख कार्यकारी अधिकृतलगायत बैंकका सम्पूर्ण कर्मचारीहरूलाई बैंकको नियमानुसार दुर्घट्ना बीमाको व्यवस्था गरिएको छ ।

(ग) प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी तहका कर्मचारीहरूलाई तोकिएको अधिकतम सीमासम्म मोबाइल फोनको बिल भुक्तानी बैंकले गर्ने व्यवस्था गरिएको छ ।

१४. **शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :** रु.८९,२३,४४५/-

१५. **कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको कुराको विवरण :** नभएको ।

१६. **कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :** नभएको ।

१७. **कम्पनी ऐन, २०६३ तथा प्रचलित कानुनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुराः**नभएको ।

१८. अन्य आवश्यक कुराहरू : नभएको ।

## प्रबन्धपत्रमा संशोधनका लागि तीन महले सहितको प्रस्ताव

शेयरधनीलाई वोनस शेयर वितरण गर्नु पूर्व वोनस शेयर वितरण पश्चात हुने बैंकको पूँजी संरचना कायम गरी प्रबन्धपत्रमा संशोधन गर्न आवश्यक भएकोले बैंकको प्रबन्धपत्रको निम्न दफाहरुमा देहाय अनुसार संशोधन गर्ने स्वीकृतिको निमित्त प्रस्ताव गरिएको छ :

| दफा | हालको व्यवस्था | दफा | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| ६(ख) | बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.२,००,००,००,०००।- (अक्षरेपि रु. दुई अर्ब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- का दरले २,००,००,००० (दुई करोड ) थान साधरण शेयरमा विभाजन गरिएको छ । | ६(ख) | बैंकको तत्काल जारी शेयर पूँजी रु. २,०६,००,००,०००।- (अक्षरेपि दुई अर्ब छ करोड ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- का दरले २,०६,००,००० (दुई करोड छ लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | शेयरधनीलाई प्रस्ताव गरिए अनुसारको वोनस शेयर वितरण गर्न बैंकको जारी पूँजीको सीमा बृद्धि गर्न आवश्यक भएको । |
| ६(ग) | बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१,४०,००,००,०००।- ( अक्षरेपि रु. एक अर्ब चालिस करोड) हुनेछ । | ६(ग) | बैंकको संस्थापकहरुको तत्काल चुक्ता पूँजी रु. १,४४,२०,००,०००।- (अक्षरेपि एक अर्ब चवालिस करोड बीस लाख) हुनेछ । | प्रस्ताव गरिए अनुसारको वोनस शेयर वितरण गर्न बैंकको संस्थापक शेयरधनीहरुको चुक्ता पूँजीको सीमा बृद्धि गर्न आबश्यक भएको । |